म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ३२२ २०८१ कार्तिक ८ गते बिहीबार 24 October 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

## ज्यान मुद्दामा एमाले जिल्ला सदस्य पक्राउ

हेटौंडाः ज्यान मार्ने उद्योग मुद्दामा नेकपा एमाले मकवानपुर जिल्ला कमिटी सदस्य सानु कुमार लामालाई प्रहरीले पक्राउ गरेको छ। गत भदौ ९ गते हेटौंडा-९ स्थित नेपाल पास्ता फुड प्रालिका सञ्चालक कृष्ण प्रसाई र चित्र प्रसाईलाई कुटपिट गरेर फरार रहेका लामा र अर्का एकजनालाई प्रहरीले मंगलबार राती पक्राउ गरेको जनाएको छ। मकवानपुर जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्ष समेत रहेका सानु कुमार लामा नेकपा एमाले मकवानपुरको युवा ईन्चार्ज समेत हुन्। हेटौंडा-१० का सानुसहित प्रहरीले हेटौंडा-८ का तोइसाङ लामालाई पक्राउ गरेको जानकारी दिएको छ। सानुलाई हेटौंडा-४ बाट र तोईसाङलाई हेटौंडा-८ बाट मंगलबार राती ९ बजेर ५० मिनेटको समयमा पक्राउ गरेको प्रहरीले जनाएको छ। प्रहरीले दुबैजनालाई पक्राउ गरी हिसारतमा राखेको छ। ज्यान मार्ने उद्योग कसुरमा अनुसन्धान गर्न जिल्ला अदालत मकवानपुरले प्रहरीलाई ५ दिनको म्याद अनुमति दिएको छ।

### बागमतीको कमजोर राजस्व संकलन दर

# ३ महिनामा ६ अर्ब ८६ करोड राजस्व संकलन

समाज संवाददाता

हेटौंडाः बागमती सरकारको राजस्व संकलनको अवस्था कमजोर देखिएको छ। प्रदेश सरकारले प्राप्त गर्ने बाँडफाँड, अनुदान, आन्तरिक स्रोत र बेरुजु तथा नगद मौजदातको रकम संकलन कमजोर हुँदा राजस्व संकलन पनि कम भएको हो।

चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा प्रदेश सरकारले अनुमानको १० प्रतिशत मात्र राजस्व संकलन गरेको छ। प्रदेश सरकारले चालु आर्थिक वर्षका ६४ अर्ब ५४ करोड ४ लाख ३१ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएको छ। जस अनुसार प्रदेश सरकारका विभिन्न निकायहरुले आन्तरिक आय र बाह्य स्रोतबाट संकलित राजस्व भने आर्थिक वर्षको सुरुवाती ३ महिनामा १० प्रतिशत मात्र रहेको हो।

प्रदेश सरकारले असोज मसान्तसम्ममा लक्ष्यको १० प्रतिशत अर्थात ६ अर्ब ८६ करोड ७ लाख ३८ हजार रुपैयाँ राजस्व संकलन गरेको हो। प्रदेश सरकारले बाँडफाँटबाट २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ राजस्व प्राप्त हुने अनुमान गरेकोमा १२.९५ प्रतिशत (३ अर्ब ८२ करोड ८५ लाख ५६ हजार रुपैयाँ) संकलन गरेको छ।

प्रदेश सरकारले सो शिर्षक अन्तर्गत घरजग्गा रजिष्ट्रेशन दस्तुर वापत ४९ करोड ३८ लाख ६४ हजार रुपैयाँ (६.४१ प्रतिशत), मूल्य अभिवृद्धि कर १ अर्ब १९ करोड ५४ लाख ९ हजार (१३.८७ प्रतिशत), अन्तशूल्क कर ३९ करोड ९३ लाख १७ हजार रुपैयाँ (१०.८१ प्रतिशत), सवारी साधन कर १ अर्ब ६५ करोड ८९ लाख ७२ हजार रुपैयाँ (२२.१२ प्रतिशत), मनोरञ्जन कर १ लाख ३० हजार (०.२४ प्रतिशत), विज्ञापन कर १३ लाख ६१ हजार रुपैयाँ (७.१७ प्रतिशत), दहत्तर बहत्तरको बिक्रिबाट ७ करोड ९४ लाख ९९ हजार रुपैयाँ (५.६८ प्रतिशत) संकलन गरेको छ।

प्रदेश सरकारले संघीय सरकारबाट प्राप्त अनुदान १५ अर्ब ५७ करोड ५६ लाख रुपैयाँ प्राप्त गर्ने लक्ष्य रहेको छ। जसमध्ये पहिलो त्रैमासिकमा प्रदेश सरकारले २ अर्ब ६ करोड ८ लाख ५० हजार रुपैयाँ (१३.२३ प्रतिशत) प्राप्त गरेको छ। जसअनुसार प्रदेश सरकारले समानीकरण अनुदान वापत प्राप्त हुने ८ अर्ब २४ करोड ३४ लाख रुपैयाँ मध्ये २ अर्ब ६ करोड ८ लाख ५० हजार रुपैयाँ (२५ प्रतिशत) प्राप्त गरेको छ। सो बाहेक प्रदेश सरकारले हालसम्म कुनैपनि अनुदानहरु संघीय सरकारबाट प्राप्त गर्न सकेको छैन। संघीय सरकारबाट प्राप्त हुने निर्धारित सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान र अन्य अनुदान समेत प्राप्त गर्न सकेको छैन।

प्रदेश सरकारको आन्तरिक आय तर्फबाट ४ अर्ब ५३ करोड ८४ लाख ७९ हजार रुपैयाँ लक्ष्य मध्ये ८९ करोड ८४ लाख २ हजार रुपैयाँ (१९.८० प्रतिशत) राजस्व संकलन गरेको छ। आन्तरिक आयतर्फ प्रदेश सरकारले कृषि आयमा कर वापत ८ हजार रुपैयाँ (०.८८ प्रतिशत) राजस्व संकलन गरेको छ। सो शीर्षकमा प्रदेश सरकारले चालु आर्थिक वर्षमा १० लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएको छ।

सरकारी सम्पत्तीको बहालबाट प्राप्त प्रदेश सरकारले लक्ष्य भन्दा बढी राजस्व संकलन गरेको छ। प्रदेश सरकारले उक्त शिर्षक अन्तर्गत २० लाख रुपैयाँ राजस्व संकलन हुने अनुमान गरेकोमा पहिलो त्रैमासिकमा नै २१ लाख ८ हजार रुपैयाँ (१०५.४१ प्रतिशत) राजस्व संकलन गरेको हो। प्रदेश सरकारले अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी १ लाख १७ हजार रुपैयाँ (२.६० प्रतिशत), पर्यटन शुल्क ५५ हजार रुपैयाँ (५०.३६ प्रतिशत), पदयात्रा शुल्क ४० हजार रुपैयाँ, कृषि उत्पादनको बिक्रीबाट ४५ लाख २६ हजार रुपैयाँ (११.९१ प्रतिशत), सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम २१ लाख १७ हजार रुपैयाँ (३९.९० प्रतिशत) राजस्व संकलन गरेको छ।

प्रदेश सरकारले राजस्वको अन्य बिक्री शिर्षकबाट ११ हजार रुपैयाँ (२.२० प्रतिशत), सेवा शुल्क तथा बिक्री वापत ८ लाख ८१ हजार रुपैयाँ, शिक्षा क्षेत्रबाट ९३ हजार रुपैयाँ (९.३५ प्रतिशत), परीक्षा शुल्क वापत १ करोड ७८ लाख ५६ हजार रुपैयाँ (५.७८ प्रतिशत), यातायात क्षेत्रको आम्दानी वापत १६ करोड ९४ लाख २८ हजार रुपैयाँ (१९.९३ प्रतिशत), अन्य प्रशासनिक सेवा शुल्क वापत १ करोड ४६ लाख १५ हजार रुपैयाँ (१३.९२ प्रतिशत) संकलन गरेको छ।

त्यस्तै प्रदेश सरकारले व्यवसाय रजिष्ट्रेशन दस्तुर वापत १० करोड ६६ लाख ५६ हजार रुपैयाँ (२०.३२ प्रतिशत), रेडियो/एफ.एम. सञ्चालन दस्तुर वापत ३० हजार रुपैयाँ (१.११ प्रतिशत), चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर वापत ५६ करोड ५० लाख ४३ हजार रुपैयाँ (२५.१० प्रतिशत), वन क्षेत्रको अन्य आय वापत २६ लाख १८ हजार रुपैयाँ (०.६६ प्रतिशत), न्यायिक दण्ड, जरिवाना र जफत वापत ५० हजार रुपैयाँ, प्रशासनिक दण्ड, जरिवाना र जफत वापत ३९ लाख ८ हजार रुपैयाँ (१२.६८ प्रतिशत), बीमा दावी वापत ७६ हजार रुपैयाँ (३०.८७ प्रतिशत), अन्य राजस्वतर्फ २ लाख २४ हजार रुपैयाँ (६.४१ प्रतिशत) संकलन गरेको छ।

त्यसैगरी प्रदेश सरकारले बेरुजू, निकासा फिर्ता तथा अनुदान फिर्ता र नगद मौज्दात वापत ७ करोड २८ लाख २९ हजार रुपैयाँ राजस्व संकलन गरेको छ। प्रदेश सरकारले १ करोड ७५ लाख ३८ हजार रुपैयाँ बेरुजू फछ्यौट गरेको छ भने १ लाख २८ हजार रुपैयाँ निकासा फिर्ता, ५ करोड ५२ लाख ६१ हजार रुपैयाँ अनुदान फिर्ता वापत राजस्व संकलन गरेको छ।

# अनुसन्धानमा आधारित विकास योजना तयार गर्नुपर्छः मुख्यमन्त्री लामा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले अध्ययन, अनुसन्धानका आधारमा सरकारले विकासका योजना तयार गर्नुपर्ने बताउनुभएको छ। उहाँले अनुसन्धान बिना नै विकास आयोजना कार्यान्वयन गर्दा सरकारको खर्च बढी र उपयोगिता कम भइरहेको बताउनुभयो।

स्वास्थ्य मन्त्रालय अन्तर्गतको वार्षिक समिक्षा गोष्ठीको समापन सत्रलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामाले प्रदेशको आवश्यकता र विकासको योजनामाथि तादत्म्यता कायम गर्न अध्ययन, अनुसन्धानमा जोड दिनुपर्ने बताउनुभयो। मन्त्रालय र मातहताका निकायले वार्षिक तथ्यांक संकलन गरेर योजना निर्माण गर्दा उपलब्धी न्यून हुनेगरी काम भइरहेको उहाँको भनाई छ।

मुख्यमन्त्री लामाका अनुसार विज्ञले गरेको यथार्थपरक अध्ययन प्रतिवेदनहरु सरकारले खरिद गरेर विकास आयोजनाहरु निर्माणमा अग्रसर हुनुपर्ने हुन्छ। प्रदेशको स्वास्थ्य मन्त्रालय अन्तर्गतका निकायहरुले पनि अध्ययन अनुसन्धानमा केन्द्रित हुनुपर्ने उहाँले बताउनुभयो। मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको उद्देश्य अनुसार स्वास्थ्य क्षेत्रका विभिन्न विषय अध्ययन गरी सेवा प्रवाह तथा अन्य उत्पादनमा अग्रसर हुनुपर्ने उहाँको भनाइ थियो। सेवा प्रवाह र विकासका क्षेत्रमा सरकारको निरन्तर प्रयासका वावजुद पनि नागरिकहरुमा नकारात्मक असर देखिएकाले प्रदेश सरकारका निकायका ध्यान त्यसतर्फ केन्द्रीत गर्नुपर्ने उहाँले स्पष्ट पार्नुभयो। नागरिकको गुनासो र प्रदेश सरकारको प्रयासमा तादात्म्यता मिलाउन अनुसन्धान हुन जरुरी रहेको उहाँले औंल्याउनुभयो।

मुख्यमन्त्री लामाले कर्मचारीलाई सफा मानसिकताका साथ काम गर्न निर्देशन दिनुभयो। प्रदेश सरकारले स्थायित्वका लागि कर्मचारी व्यवस्थापनको क्षेत्रमा काम गरिरहेकाले उच्च मनोबलका साथ काम गर्न उहाँले निर्देशन दिनुभयो। भनसुन र पहुँचबाट हुने कामहरु अन्त्य गर्नेगरी सरकारले सरुवा, बढुवाका लागि प्रणालीको विकास गरिरहेको उहाँको दावी छ। सरकारले कर्मचारी सरुवा बढुवालाई व्यवस्थित गर्न कार्य सम्पादन मुल्यांकनलाई आधार बनाएर अघि बढिरहेको मुख्यमन्त्री लामाले बताउनुभयो। कर्मचारीले सुगम र राम्रो ठाउँको खोजी गर्न छाडेर सरुवा भएका स्थानमा जिम्मेवारीका साथ फलदायी काम गरेर देखाउन उहाँले आग्रह गर्नुभयो।

कार्यक्रममा स्वास्थ्य मन्त्री किरण थापाले स्वास्थ्य क्षेत्रको सुधारका लागि प्रदशे सरकार सक्रियताका साथ अघि बढेको बताउनुभयो। प्रदेशसभाबाट प्रदेश स्वास्थ्य ऐन पारित भएको र त्यसलाई कार्यान्वयन गरेर स्वास्थ्य क्षेत्रका समस्याहरु हल गर्नेतर्फ मन्त्रालय अघि बढेको मन्त्री थापाको भनाइ छ। गुनासोर हित गुणस्तरीय स्वास्थ्य सेवमामा आम नागरिकहरुलाई जोड्न मन्त्री थापाले कर्मचारीहरुलाई निर्देशन दिनुभयो।

## भक्तपुर अस्पताल उत्कृष्ट घोषित

कार्यक्रममा प्रादेशिक अस्पतालहरुलाई कार्यसम्पादनको आधारमा पुरस्कृत गरिएको थियो। प्रदेशका १३ अस्पताल मध्ये सबैभन्दा बढी अंक ल्याउँदै पहिलो स्थान हासिल गर्दै भक्तपुर अस्पताल प्रदेशको उत्कृष्ट घोषित भएको थियो। भक्तपुर अस्पतालले विभिन्न शिर्षक अन्तर्गत भएको मुल्यांकनमा कुल १०० अंक मध्ये ८३.४४ अंक प्राप्त गरेको थियो।

त्यस्तै दोस्रो स्थानमा सिन्धुली अस्पताल रहेको छ। सिन्धुली अस्पतालले १०० अंक मध्ये ७८.४७ प्राप्त गरेको थियो भने तेस्रो स्थानमा धादिङ अस्पताल रहेको छ। धादिङले ७७.४७ अंक प्राप्त गरेको थियो। त्यसैगरी जनस्वास्थ्य कार्यालयको मुल्यांकनमा ७५.२४ अंकसहित जनस्वास्थ्य कार्यालय ललितपुर पहिलो स्थानमा रहँदै उत्कृष्ट भएको छ। दोस्रो स्थानमा जनस्वास्थ्य कार्यालय चितवन रहेको छ। चितवनले ७३.७५ अंक प्राप्त गरेको छ भने तेस्रो स्थानमा ७२.४९ अंकसहित जनस्वास्थ्य कार्यालय मकवानपुर रहेको छ। आयुर्वेदिक तथा वैकल्पिक चिकित्सातर्फ ८८.२० अंकसहित आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालय काठमाडौं पहिलो स्थानमा रहन सफल भएको छ। ८८.१० अंकसहित दोस्रो स्थानमा आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालय मकवानपुर रहेको छ भने ८३.२० अंकसहित आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालय भक्तपुर तेस्रो स्थानमा रहेको छ।

# मुख्यमन्त्री लामा र नीति आयोगका उपाध्यक्षबीच करार सम्झौता



*मुख्यमन्त्री लामा र आयोग उपाध्यक्ष नेपालबीच कार्यसम्पादन करार सम्झौतापत्र आदानप्रदान गरिँदै।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले नीति तथा योजना आयोगका उपाध्यक्षसँग कार्यसम्पादन करार सम्झौता गर्नुभएको छ। मुख्यमन्त्री लामाले बुधबार आयोगका उपाध्यक्ष गंगादत्त नेपालसँग कार्यसम्पादन करार सम्झौता गर्नुभएको हो।

मुख्यमन्त्री लामाले चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्यसम्पादनलाई प्रभावकारी र नतिजामुखी बनाउन आयोगका उपाध्यक्ष नेपालसँग कार्यसम्पादन सम्झौता गर्नुभएको हो। प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश २०७५ बमोजिम कार्यसम्पादन करार सम्झौता गरिएको हो।

सम्झौता अनुसार आयोगले वार्षिक स्वीकृत कार्यक्रमसहित प्रभावकारी र उपलब्धीमूलक नयाँ तथा फरकशैलीको कार्यक्रम पनि गर्न निर्देशन दिइएको छ। गत ९ गते सरकारको नेतृत्व गरेका मुख्यमन्त्री लामाले गत भदौ २६ गतेको मन्त्रिपरिषद् बैठकबाट नेपाललाई आयोगको उपाध्यक्षमा नियुक्त गरिएको थियो।



## सम्पादकीय

# बाढी पहिरोको क्षति

सामान्यत: असोज महिनामा बाढी, पहिरोका घटना हुने अनुमान गरिन्न । असार, साउन, भदौ महिना वर्षा मौसम भएकोले यही समयमा बाढी, पहिरोको जोखिम रहने अनुमान गरिन्छ । तर, यो वर्ष नेपालको मुख्यत: बागमती प्रदेश र कोशी प्रदेशमा बाढी, पहिरोले ठूलो क्षति पुऱ्यायो । बागमती र कोशी प्रदेशको पहाडी क्षेत्रमा भारी वर्षासँगै मधेश प्रदेशका समथर भुभाग डुवानको समस्या देखियो । असोज १०, ११ र १२ गते तीनदिनको भारी वर्षाले ठूलो क्षति पुऱ्यायो । मकवानपुर जिल्लामा पनि ठूलो जनधनको क्षति पुगेको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले पालिकासँग विवरण संकलन गरेर करिब एक अर्ब ३० करोड रुपैयाँ बराबरको क्षति पुगेको, मकवानपुर जिल्लामा बाढी, पहिरोमा परेर १० जनाको मृत्यु भएको र थप ५ जनाको शव बरामद भएको जनाएको छ ।

बाढी पहिरोमा परी मकवानपुर जिल्लामा १२० वटा घर पूर्णरुपमा क्षति भएको, १८३ वटा घरमा आंशिक क्षति पुगेको तथ्यांक संकलन गरिएको छ । जिल्लाभित्रका राजमार्गका ५१ ठाउँमा क्षति पुगेको, पक्की तथा झोलुङ्गे पुल १६ वटामा क्षति पुगेको छ । यस्तै २३ हजार ७९ रोपनी क्षेत्रफलको खाद्यान्नबालीमा क्षति पुगेको छ भने ४ हजार १ सय ३६ वटा पशुचौपाया मरेको तथ्यांक स्थानीय प्रशासनले तयार पारेको छ । सडक पूर्वाधारमा पुगेको क्षति असाध्यै धेरै र गम्भीर रहेको छ । वर्षा सकिएर वर्षकै प्रमुख चाडपर्व मनाउने तरखरमा रहेका बेला भारी वर्षासँगैका बाढी र पहिरोबाट पुगेको क्षति अकल्पनीय छ । यद्यपि मौसम पूर्वानुमान महाशाखाले यो वर्षको मनसुन भित्रनु अघि नै भारी वर्षाको पूर्वानुमानसहित त्यसले ठूलो क्षति पुऱ्याउन सक्ने आँकलन गरेकै थियो ।

असोज १०, ११ र १२ गते भारी वर्षाको सम्भावना रहेको उल्लेख गर्दै मौसम पूर्वानुमान महाशाखाले लामो दूरीको यात्रा नगर्न, रात्री बस सञ्चालन नगर्न, नदी तटीय क्षेत्रका बासिन्दालाई सतर्क रहन, सुरक्षित स्थानमा रहन आग्रह गरेकै थियो । यसका बाबजुद पनि ठूलो क्षति हुनु दुखद् अवस्था हो । असोज दोस्रो साताको भारी वर्षाका कारण बाढी, पहिरोमा परेर देशभर झण्डै ३ सय मानिसको मृत्यु भयो । यसरी बाढी र पहिरोले पुऱ्याएको क्षतिलाई मनसुन बाहिरिएपछि बिर्सने अवस्था रहनुहुन्न ।

बाढी, पहिरो जस्ता विपद्को विषयमा पूर्वानुमान गर्न सकिने आजको समयमा यति ठूलो क्षति व्यहोर्नुपर्ने अवस्था रहनुका कारणहरु पहिल्याउनु जरुरी हुन्छ । सामान्यत: जोखिमको मूल्यांकन गरेर मात्रै आवासीय संरचना निर्माण र पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकतालाई बेवास्ता गर्नु पनि यति ठूलो क्षतिको भागिदार हुनु पर्ने अवस्था हो । आवासीय सुरक्षाका मापदण्डलाई स्थानीय सरकारहरुले सक्दो पालना गराउनेतर्फ ध्यान दिने हो भने यस किसिमको क्षति व्यहोर्नुपर्ने अवस्था नआउन सक्छ । नेपालको भू-वनोटका आधारमा पनि बाढी र पहिरोबाट क्षतिको जोखिम रहने यथार्थलाई बुझेर हरेक व्यक्तिदेखि राज्यका निकाय जिम्मेवार भएर काम गर्न प्रतिवद्ध हुनुपर्छ ।

मकवानपुर जिल्लाको उत्तरीक्षेत्र ईन्द्रसरोवर गाउँपालिका, भीमफेदी गाउँपालिकासँगै पूर्वतर्फ बकैया र बागमती गाउँपालिकामा बढी क्षति पुगेको छ । यी क्षेत्रको पुनर्निर्माणमा सरोकारवालाले जिम्मेवार भएर काम गर्ने अवस्था सुनिश्चित हुनुपर्छ । यसअघि २०७२ सालको भूकम्पपछि सुरक्षित आवासका लागि प्रभावकारी नीतिको विषयमा निक्कै चर्चा भएको हो । तर, जसरी भूकम्पको कम्पन घट्दै गयो सुरक्षित आवासको चर्चा सेलाउँदै गयो । असोज दोस्रो साताको बाढीको सन्दर्भमा एक साताअघिदेखि नै पूर्वानुमान गरिएका कारण पनि मकवानपुरमा १ सय २० घर पूर्णरुपमा क्षति हुँदा पनि मानवीय क्षति भने न्यून मात्रै रहेको देखिन्छ । सम्भावित जोखिमको पूर्वानुमान पछि भागेर जोगिने भन्दा पनि जोखिमको सामना नै गर्न नपर्ने गरी आवास तथा पूर्वाधार विकासमा गम्भीर भएर, जिम्मेवार भएर सबैले आगामी दिनमा काम गर्ने अठोट लिनु जरुरी छ । यो वर्षको मनसुन सकियो भनेर सुरक्षित आवासको मुद्दालाई बिर्सने अवस्था नहोस् ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : भेटघाटमा रमाइलो बढ्ने समय छ ।
**वृष** : शुभचिन्तकहरुले सहयोग पुऱ्याउने समय ।
**मिथुन** : थोरै परिश्रमले बढी आय हुने योग छ ।
**कर्कट** : पैतृक सम्पतिका विषयमा चर्चा बढ्ला ।
**सिंह** : सम्मान र प्रतिष्ठामा वृद्धि हुने समय छ ।
**कन्या** : व्यापार–व्यवसायमा लगानी बढ्ने समय छ ।
**तुला** : परिवार र आफन्तसँग मनमुटाव भनाभनी चल्ला ।
**वृश्चिक** : मान–सम्मानमा वृद्धि भएर जाने योग छ ।
**धनु** : न्यायिक काममा विजय हाँसिल होला ।
**मकर** : बौद्धिक कार्यमा सरिक भइने समय योग छ ।
**कुम्भ** : राजनीतिक काममा आलोचित बनिएला ।
**मीन** : नोकरीमा मान– सम्मान प्राप्त योग रहला ।

# वृद्ध भत्ता होइन, सुरक्षित आवास देऊ



✍अमृता लम्साल

गएको ३० अगस्ट, २०२४ को दिन समाचारमाध्यमहरूले एउटा समाचार प्रसारण गरे, जसमा भनिएको थियो- 'जापानको प्रहरीले सार्वजनिक गरेको रिपोर्ट अनुसार सन् २०२४ को पहिलो आधा वर्षमा जापानमा करिब ४० हजार व्यक्तिहरूको घरमा एक्लै मृत्यु भएको छ ।'

अन्तर्राष्ट्रिय समाचारमाध्यम बीबीसीद्वारा प्रसारण गरिएको उक्त समाचार अनुसार तीमध्ये करिब ४ हजार शवहरु एक महिना अगाडि मृत्यु भएका व्यक्तिहरुको थियो भने १३० शव एक वर्ष अगाडि गायब भएका मानिसहरूको थियो । समाचार अनुसार उक्त तथ्यांक जापानको प्रहरी विभागबाट सार्वजनिक गरिएको थियो।

यसरी जापानीहरु एक्लै मृत्युवरण गर्नुको कारण उनीहरु एक्लै बस्ने, उनीहरुबारे कसैलाई थाहै नहुने र मरिसक्दा पनि सोधखोज गर्ने परिवार वा नजिकका व्यक्तिहरू नहुनु हो । जापानको हालको एउटा मुख्य समस्या भनेको वृद्धहरुको जनसंख्यामा वृद्धि हुनु पनि हो ।

उपरोक्त समाचार पढेपछि मन निकै झस्किएको थियो । किनकि नेपालमा पनि पहिलेको जस्तो पारिवारिक नेटवर्क नभएको, संयुक्त परिवार त निमिट्यान्नै भएको अवस्था, सन्ततिहरू बसाइँ सरेर अन्य मुलुकमा स्थायी बसोबास गर्दै जाने अवस्था बढ्दै गएकोले यहाँ पनि ज्येष्ठ नागरिकहरूको स्थिति चिन्ताजनक हुँदै गएको देखिन्छ ।

ज्येष्ठ नागरिकहरूको त्यो स्थिति जापानमा मात्रै होइन, चीनमा पनि बढ्दो छ । चीनमा सन् १९८० देखि २०१६ सम्म चिनियाँ सरकारले अपनाएको एक परिवारले एउटा मात्रै बच्चा जन्माउन पाउने नीतिले त जनसंख्या मात्रै होइन, समाजको स्वरुपमै दिगो रुपमा नकारात्मक असर पर्न थालेको छ। यद्यपि, हाल चीनले एउटा परिवारलाई तीन वटासम्म बच्चा जन्माउन पाउने अनुमति दिएको छ ।

पहिलेको 'एक बच्चा नीति'ले समाजमा छोरीहरूको संख्या घट्दै गएको तथ्यांक सार्वजनिक भएको थियो। चीनको कतिपय ग्रामीण इलाकाहरूमा परिवारमा छोराहरूको संख्या छोरीहरूको भन्दा ३/४ प्रतिशतले कम भएको पनि देखिएको थियो। विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार सन् २०४० सम्ममा चीनको २८ प्रतिशत जनसंख्या ६० वर्षभन्दा माथिका हुनेछन् भने चीनमा प्रजनन् दरमा कमि हुँदै गएको छ ।

चीनमा यो स्थिति आउनुको एउटा कारण, चीनमा मानिसहरूको आयु बढ्दै जानु पनि रहेको मानिन्छ । यसले गर्दा देशले सामाजिक-आर्थिक विकास र पब्लिक हेल्थमा चुनौती बेहोर्नुपर्नेछ ।

अमेरिकाको स्थिति पनि त्यति फरक छैन । अमेरिकी सेन्सस ब्युरोका अनुसार सन् २०३० सम्ममा अमेरिकी कुल जनसंख्याको २१ प्रतिशत ६५ वर्षभन्दा माथिको उमेरका जनसंख्या पुग्नेछन्। त्यो भनेको हालको अनुमानित तथ्यांक अनुसार ७ करोड ३० लाख हुनेछन्। यसरी ज्येष्ठ नागरिकको संख्या बढ्दै जाँदा सरकारलाई सोसियल सेक्युरिटी र मेडिकेयर जस्ता कार्यक्रम बढाउँदै जानुपर्नेछ र यसको लागि आर्थिक भार निकै ठूलो हुनेछ ।

यस उठाउन लागिएका कुराहरू अरू देशका लागि होइनन्; नेपालकै कुरा गर्न लागिएको हो। यसै सन्दर्भमा केही महिना अगाडि, काठमाडौं महानगरपालिकाले एउटा सर्वेक्षणको प्रतिवेदन सार्वजनिक गरेको थियो, जसअनुसार नेपालबाट छोराछोरी विदेशिने आमाबाबुहरूले एक्लो महसुस गर्ने, डिप्रेसनको शिकार हुने तथ्यहरु समाचारमा आएको थियो ।

हुनत, त्यो सर्वेक्षण त्यति ठूलो एरियामा गरिएको होइन; काठमाडौं महानगरपालिकाको शहरी योजना आयोग मातहतमा 'मेट्रोपोलिटन रिसर्च फेलोसिप' अन्तर्गत गरिएको उक्त सर्वेक्षणमा जम्मा ५०९ जना ज्येष्ठ नागरिकलाई समेटिएको थियो ।

तापनि, हामी आफ्ना वरिपरि, गाउँघर, शहरबजारतिरको अवस्था देखेर पनि हाम्रो समाजको बदलिंदो स्वरूपको आकलन गर्न सक्दछौं । यसको उदाहरण, भर्खरै सकिएको दशैंको टीकाको अवसरमा सामाजिक सञ्जालहरूमा पोस्ट गरिएको तस्बिरहरुले पनि के देखाउँछ भने-नेपालीहरु, त्यसमा पनि युवा जमातको संख्या नेपालमा भन्दा विदेशमा धेरै देख्न सकिन्छ ।

उपरोक्त सबै तथ्य र तथ्यांकले के देखाउँछ भने, ज्येष्ठ नागरिकको भविष्यकोबारेमा राम्रो र व्यवहारिक नीति निर्माणको एकदम जरुरत भैसकेको छ । नेपालको कानूनमा ६० वर्ष माथिका व्यक्तिहरुलाई ज्येष्ठ नागरिक मानिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्याको १०.२१ प्रतिशत जनसंख्या ज्येष्ठ नागरिकको छ ।

कुनै पनि देशमा १४ प्रतिशतभन्दा माथिको संख्यामा ज्येष्ठ नागरिक छन् भने त्यस्तो समाजलाई 'ज्येष्ठ नागरिकको समाज' भनिने रहेछ । धन्न नेपालको अवस्था त्यहाँसम्म पुगिसकेको छैन ।

नेपालको संविधान २०७२ को धारा १८ ले सबै नागरिकलाई समानताको हकको प्रत्याभूति गरेको छ, जसमा ज्येष्ठ नागरिकहरु स्वत: समेटिन्छन् । त्यसैगरी, धारा ४१ ले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सुरक्षाको हक र धारा ४३ ले सामाजिक सुरक्षाको हकको कुरा गरेको छ ।

त्यसबाहेक, ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३; ज्येष्ठ नागरिक पहिलो संशोधन ऐन २०७९ ले पनि ज्येष्ठ नागरिकहरुको पालनपोषण, सुरक्षा आदिको बारेमा राम्रो व्यवस्था गरेको छ; तर, अन्य ऐन कानूनहरू जस्तै, यो पनि हात्तीको देखाउने र चपाउने दाँत फरक-फरक भएको जस्तै भएर रहेको छ ।

कार्यान्वयन पक्ष जता पनि त्यत्तिकै फितलो भए झैं, यहाँ पनि त्यस्तै देखिन्छ। कानूनले त कतिसम्म भनेको छ भने, सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले ज्येष्ठ नागरिकमाथि कुनै पनि अपराध गरेको खण्डमा प्रचलित सजायमा थप ३० प्रतिशतले वृद्धि हुनेछ र त्यो दोहोऱ्याउँदै गएमा प्रत्येक पटक १० प्रतिशतले थप हुँदै जानेछ । तर, जीवनको उत्तरार्धमा पुगिसकेका ज्येष्ठ नागरिकहरु यसै पनि थकित र गलित भइसकेका हुन्छन् भने, उनीहरु कता उजुरी गर्न जाउन् ?

फेरि उनीहरूलाई सधैं, आफ्नो दुःख भन्दा ठूलो परिवारको इज्जत जोगाउने ध्याउन्न हुन्छ। अनि त मानसिक, आर्थिक र अझ शारीरिक तनाव दिन समेत नहच्किने आफ्नै सन्तान वा नजिकका व्यक्ति विरुद्ध उनीहरू किन बोल्थे ! बरु डराएर चुपचाप सहन्छन् ।

त्यसैले, अब सरकारले महिनाको चार हजार वृद्ध भत्ता दिएर आफ्नो दायित्व पूरा भयो भन्ने सोच राख्ने होइन कि, त्यसको बदला सुविधासम्पन्न ज्येष्ठ नागरिक आवास गृहहरु खोल्न जरुरी भइसकेको छ । ती आवास गृहहरु सुविधासम्पन्न भन्नाले होटलका कोठा जस्ता भन्न खोजिएको होइन ।

त्यहाँ प्रत्येक व्यक्तिको शौचालय सहितको एउटा कोठा होस्, खाना मेसमै पाकोस्, निश्चित समूहलाई हेर्न 'अन-कल' नै भए हुन्छ, डाक्टरको प्रबन्ध होस् । हरेक दिन, ती ज्येष्ठ नागरिकलाई एक्सर साइज गराउने, केही मानसिक कसरत गराउने व्यवस्था होस्। सक्नेले पैसा तिरेर बस्न नसक्नेलाई निःशुल्क राखियोस् ।

ज्येष्ठ नागरिकहरू आफ्नो उमेर समूहका मानिसहरूसँग बस्न पाउँदा, उनीहरुलाई हुने डिप्रेसन पनि कम हुनसक्छ। यसरी समूहमा बस्दा एक्लोपनको पीडाबाट मुक्ति पाइन्छ । अहिले पनि पशुपति वृद्धाश्रममा त सरकारले गरिनै राखेको छ। केही समय पहिले त्यहाँ पुग्दा, त्यहाँ बस्नेहरुले उडुस आतंकको कुरा गर्दै हुनुहुन्थ्यो ।

हुनत, त्यहाँका कतिपय व्यक्तिहरु अर्को ठाउँमा तयार भएको भनिएको घरमा सर्न चाहनुहुन्न; कारण, उहाँहरु पशुपति परिसरमै प्राण त्याग्न चाहनुहुन्छ । अर्को कुरा, त्यहाँ बस्नेहरूको आर्थिक स्थिति निकै कमजोर पनि छातर यहाँ सुझावको लागि राखिएको ज्येष्ठ नागरिक आवासको प्रस्ताव पैसा तिरेर बस्न सक्ने र चाहनेहरुका लागि भनिएको हो । सरकारले नै त्यसरी पहल गऱ्यो भने, कतिपयले आफ्नो सम्पत्ति पनि दानमा दिन सक्नुहुन्छ होला ! त्यतातिर किन नसोच्ने ?

सन् २०२३ को नुएम्बो डटकमको 'हेल्थ केयर इन्डेक्स'को तथ्यांक हेर्दा, विश्वका ९४ वटा देशमध्ये एशियामा ताइवान ८५.९ प्रतिशतको र्‍याकिङमा आउनेरहेछ भने, अफ्रिकाको साउथ अफ्रिकामा सबैभन्दा राम्रो 'एल्डरली केयर' रहेछ । विश्वको एक नम्बर एल्डरली केयरमा नर्वे, स्विडेन, स्विट्जर ल्याण्ड, जर्मनी, क्यानडा, युएस र ग्रेट ब्रिटेन क्रमैसँग पर्ने रहेछन् ।

अहिलेको समयमा ६० वर्ष पुग्ने बित्तिकै मान्छे अशक्त र कमजोर भइहाल्दैन; मानिसले उमेरको त्यो बेलासम्म सिकेको, जानेको कुरा, ज्ञान, सीप आदि आफूपछिका पुस्ताहरूसँग बाँड्ने एउटा निकाय तयार गर्न सक्यो भने त्यसको लाभ समाजको एक हिस्सालाई मिल्नेछ । यसको लागि कुनै ठूलो आर्थिक भार या केही चाहिने छैन ।

स्थानीय निकायले एउटा सानो युनिट खोलेर, समाजमा स्वयंसेवकको रुपमा आफ्नो समय र ज्ञान बाँड्न चाहनेहरूको नाम र विषय रजिस्टर्ड गराइदिन सके हप्ताको एकदिन स्कूल वा अस्पतालमा बसेर चाहिएको सानातिना सेवाहरू प्रदान गर्ने जनशक्ति जुट्नेछ ।

यसको मतलब औषधोपचारको काम गर्ने भनेको होइन, अस्पतालमा आउने, सिस्टमसँग अनभिज्ञ सेवाग्राहीहरूलाई उनीहरुले रोजेको ठाउँ देखाइदिने, कसैलाई ह्विलचेयरमा यताउता लगिदिन पऱ्यो भने लगिदिने जस्ता काम पनि गर्न/गराउन सकिन्छ। यसबाट, ज्येष्ठ नागरिकहरु पनि कुँजिएर, डिप्रेस्ड भएर एउटा कुनामा दिन कसरी कटाउँ भनेर बस्न पर्दैन भने चलायमान भैरहँदा, उनीहरूको मानसिक र शारीरिक स्वास्थ्य पनि स्वस्थ रहिरहन्छ। देख्दा झिनामसिना लाग्ने यस्ता कुराहरूले उनीहरुले एक्लो र असहाय महसुस पनि गर्दैनन् ।

लेखको बिट मार्दै गर्दा यहाँ २०१७ अगस्त १४ मा भारतको इण्डिया टूडे पत्रिकामा प्रकाशित एउटा अति नै दुःखपूर्ण घटना उल्लेख गर्न मन लाग्यो । समाचारमा लेखिए अनुसार, भारतको मुम्बई निवासी ६३ वर्षीया आशा साहनीको लास, उनको लोखण्डवाला कम्प्लेक्समा भेटियो । लास भेटिंदाको अवस्थामा लास भन्नु मात्रै थियो; मासु गलेर स्केलिटन भइसकेको थियो ।

उनी त्यहाँ आफ्नो पतिको साथ बस्थिन्; सन् २०१३ मा पतिको निधन भएपछि, उनले आफ्नो एक मात्र छोरा, अमेरिका निवासी रितुराज साहनीलाई 'ओल्ड एज होम'मा सर्न चाहेको बताएकी रहिछन् । तर, न त समयले साथ दिएछ, न छोराले ।

आशाले सन् २०१६ को अप्रिलमा आफ्नो मृत्युको जिम्मेवार कोही नभएको सुसाइड नोट लेखेर प्राण त्यागिछन् । छोराले उताबाट फोन गर्दा फोन लागेन, एक वर्षदेखि फोनको स्विच अफ रहेछ ।

एक वर्षपछि छोरा आउँदा आमाको स्केलिटन सोफामा भेट्छन् । यो कुनै सिनेमाको कहानी होइन; भएको घटना हो । त्यसैले, यहाँ पनि त्यस्तो स्थितिको सामना गर्न नपरोस् भन्ने चाहने हो भने, ज्येष्ठ नागरिकहरूलाई सामूहिक रूपमा बस्न मिल्ने व्यवस्था गर्न जरुरी भइसकेको छ । *(स्रोत: अनलाइन खबर)*

# महिनावारीको बारेमा समाजमा रहेका दृष्य र पूर्वाग्रह



✍निश्चल अधिकारी

महिनावारी एक प्राकृतिक जैविक प्रक्रिया, विश्वभरका महिलाहरूको लागि सामान्य छ । तर, यस विषयमा भएका भ्रान्ति, कलंक र नकारात्मक धारणा महिलाका अनुभवहरुमा गम्भीर असर पार्छ। नेपालमा, विशेष गरी, महिनावारी महिलाहरुलाई सामाजिक र आर्थिक दृष्टिले अवरुद्ध गर्दछ, जसका लागि समुदायको चित्त बुझाउन र सचेतना फैलाउने आवश्यकता छ ।

**सामान्य भ्रान्तिहरू**

**१. ट्याबू र लाज**: धेरै संस्कृतिहरुमा महिनावारी ट्याबू मानिन्छ। महिलाहरुलाई यस प्राकृतिक प्रक्रियाप्रति लाजित महसुस गराइन्छ। यसले महिलाहरुलाई महावारीका बारेमा खुल्ला कुरा गर्न कठिनाइमा पार्छ, जसले गलत सूचनाको सृजना गर्न मद्दत पुऱ्याउँछ ।

**२. अशुद्धताको विश्वास**: महिनावारीलाई अशुद्धताको रुपमा देख्ने परम्परा विशेष गरी गहिरो छ। महिनावारी भएको महिलाहरुलाई धार्मिक स्थलमा जान वा विशेष कार्यक्रमहरुमा भाग लिन रोक्न सकिन्छ। यो सामाजिक अलगावको कारण बनाउँछ, जसले महिलाहरुको आत्मविश्वास र मानसिक स्वास्थ्यमा असर पार्न सक्छ।

**३. स्वास्थ्य सम्बन्धी मिथक**: महिनावारी सम्बन्धित थुप्रै मिथकहरु प्रचलित छन्, जस्तै महिलाले शारीरिक गतिविधि गर्न नपाइने विश्वास । यसले महिलाको जीवनशैली र स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्छ ।

**४. मानसिक अस्थिरता**: महिनावारी समयमा महिलाहरुको मानसिक स्वास्थ्यमा असर पर्ने विचार गलत छ । तर, समाजमा रहेका कलंक र अपमानका कारण महिलाहरु मानसिक तनावको सामना गर्नुपर्छ ।

**महिलाको जीवनमा प्रभाव**

महिनावारी कलंकले महिलाको स्वास्थ्य र कल्याणमा गम्भीर प्रभाव पार्न सक्छ :

*...बाँकी पृष्ठ ३ मा*

# “अभिभावकले आफ्ना बच्चाको बारेमा शिक्षकहरुसँग बुझ्दै गर्नु पर्छ”

दसैंअघि विद्यालयबाट घर फर्केका विद्यार्थी तिहार र छठ पर्व मनाएपछि विद्यालय जानेछन् । यतिबेला टोल, समुदायमा बालबालिकाको चकचक प्रसस्त देख्न पाइन्छ । विद्यालय जाने बालबालिका घरमै रहँदा अधिकांश अभिभावकलाई भने तनाव छ । कतिपय अभिभावकको व्यस्तता हुनुले बालबालिकाको विदा व्यवस्थापनमा समस्या हुनु स्वभाविक जस्तो पनि देखिन्छ । फुर्सदमा रहने अभिभावकले पनि आफ्ना बालबालिकालाई उचित हेरचाह गर्न सकेको देखिँदैन । दसैं विदाअघि सामाजिक सञ्जालमा विद्यार्थीलाई गृहकार्य नदिन भन्दै रोचक अभिव्यक्तिहरु पढ्ने अवसर रह्यो । दसैं, तिहारको लामो विदा र यस्तै विदाको समयमा विद्यार्थीलाई कसरी हेरचाह गर्ने ? विद्यार्थीलाई अध्ययनशील र रचनात्मक कसरी बनाउन सकिन्छ भन्ने सन्दर्भमा साहित्य संगम मकवानपुरका पूर्वअध्यक्ष समेत रहनुभएका हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माविका शिक्षक सुवास खनालसँग समृद्ध समाज दैनिकक सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:



**सुवास खनाल, शिक्षक**
**आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय**

**समाजः दसैं, तिहारको बीचमा अहिले विद्यालयमा लामो अवधिका लागि बिदा छ । लामो अवधिको बिदाका लागि विद्यार्थीहरुलाई के के क्रियाकलाप गर्न दिनुभएको छ ?**

**खनालः** यो चाडपर्वको समयमा एक महिना भन्दा लामो बिदा रहेको छ । दसैं, तिहारको बीचमा प्रभावकारी शिक्षण नहुने भएको कारण हेटौंडा उपमहानगरपालिकाले शैक्षिक क्यालेन्डरमा बिदा राखेको छ । त्यसै अनुसार जाँदा हाम्रो विद्यालय पनि बिदा रहेको छ । हामीले बिदा सुरु हुनु भन्दा अगाडि विद्यार्थीलाई राखेर अन्तरक्रिया गरेका थियौं । बिदामा विद्यालयले दिएको गृहकार्य गर्न भन्दा बाहेक अतिरिक्त पुस्तकहरु पढ्ने जुन शैक्षिक पुस्तकहरुको सन्दर्भमा उपयुक्त हुन्छ । रचनात्मक किताबहरु पनि पढ्ने भनेका छौं । घरमा बसेको बेला परिवारलाई सघाउने अनि नजिकै केहि जान्नुपर्ने वा भ्रमण गर्ने स्थानहरुमा घुमफिर गर्ने जस्ता अभ्यास गर्न सुझाव दिएका छौं ।

**समाजः समग्रमा विद्यालयको तर्फबाट विषयगत शिक्षकहरूको तर्फबाट विद्यार्थीलाई बिदाको अवधिमा के कस्ता क्रियाकलाप गर्न दिने भनेर छलफल भएको थियो ?**

**खनालः** विद्यालयको तर्फबाट त योजना बनाइएको थिएन तर पनि शिक्षकहरु मिलेर परियोजना कार्य दिइएको छ । यसले विद्यार्थीहरुलाई नयाँ ज्ञान सिक्ने, परिवार र समाजमा घुलमिल हुने जस्ता अभ्यास गराई विद्यार्थीहरुको आन्तरिक मुल्याङ्कन गरिने छ ।

**समाजः नियमित विद्यालय सञ्चालन हुँदा पनि गृहकार्यको विषयमा नकारात्मक टिप्पणी भइरहने गरेको छ । अझ यो दसैं भन्दा अघि त विद्यार्थीलाई धेरै गृहकार्यको बोझ बोकाउने काम नहोस् भनेर सामाजिक सञ्जालमा निक्कै व्याख्या भएको देखियो । गृहकार्यको सम्बन्धमा तपाइँको विचार के छ ?**

**खनालः** गृहकार्य दिने नाममा सबै पुस्तकको अभ्यास दिने प्रचलन पहिलेदेखि चली आएको छ । तर, गृहकार्य भनेको रचनात्मक हुनु पर्छ भन्ने कुरा आएको छ । दसैंअघिको तर्क-वितर्कमा विद्यार्थीलाई गृहकार्य नै दिनु हुन्न र प्रसस्त गृहकार्य दिनुपर्छ भन्ने दुबैखाले तर्क अतिवाद हो । गृहकार्यको ढाँचा बदल्ने र विद्यार्थीहरुलाई सामाजिक विषयमा घुलमिल गर्ने खालका अभ्यास दिँदा उपयोगी हुने भन्ने छलफल पनि हुने गरेको छ । विद्यार्थीहरु लामो समयसम्म विद्यालयबाट टाढा रहँदा रिभिजन हुने गरी थोरै गृहकार्य दिने, सबै विषयका शिक्षकले सल्लाह गरेर धेर-थोर नहुने गरी अभ्यास दिने हो भने विद्यार्थीलाई सहज हुन्छ । परीक्षामा सोध्न सक्ने मोडल प्रश्नका अभ्यास गर्न लगाउने गरे राम्रो हुनेछ । यो कुरा विद्यालयले नै पनि बुझ्न जरुरी छ ।

**सामजः तपाई साहित्यमा पनि जोडिनु भएको छ । विद्यार्थीहरुलाई पढ्न झर्को लाग्ने, नबुझेको भन्ने अवस्थामा कसरी सिकाई रचनात्मक हुन्छ र उपयुक्त हुन्छ ?**

**खनालः** विषयवस्तुमा मात्र रहेर सिकाउने भन्दा पनि समाजमा यसको उपयोगिता के छ भन्ने कुरा सिकाउन सक्नु पर्छ । विद्यार्थीले जे जति कुरा पढ्नुपर्छ, अभ्यास गर्नुपर्छ त्यसको प्रयोग कहाँ भइरहेको छ भन्ने विषयमा बुझाउनु पर्छ । रचनात्मक शैलीले भन्दा सानो कक्षामा विद्यार्थीहरुलाई कविता बनाउन लगाई त्यसबारे भित्रबाटै बुझाउन सकिन्छ । कथा बनाएर बुझाउँदा प्रभावकारी हुन सक्छ ।

**समाजः आफ्ना बाबु-नानीहरुलाई अभिभावकहरुले पनि घरमा कस्तो वातावरण बनाउनु पर्छ ?**

**खनालः** अहिलेको समयमा अभिभावकहरु इन्टरनेट मध्यमको भन्दा पनि बाबु-नानीहरुसँग घुमफिर गर्ने, व्यायाम गर्ने, दैनिक कार्यको छलफल गर्ने र काममा लगाउने, सकेसम्म उनिहरुसँग घुलमिल गर्ने गर्दा बालबालिका सचेत हुने हुन्छन् । उनीहरु गलत बाटोमा लाग्ने जोखिम पनि कम हुन्छ ।

**समाजः विद्यालय बन्द रहँदा अभिभावकहरू आफ्नै बालबालिकासँग झर्को मान्ने र धेरै घुलमिल नगर्ने गरेको देखिन्छ । यस विषयमा के भन्नुहुन्छ ?**

**खनालः** छोराछोरीसँग गर्ने व्यवहार मैत्रिपूर्ण हुनु पर्छ । अभिभावकहरुले बालबच्चाहरुसँग बसेर घुलमिल हुने गर्नुपर्छ । बालबालिकाहरुले पनि अभिभावकहरुसँग बसेर समय बिताउने र के भइरहेको छ भन्नेबारे बताउने गर्नु पर्छ ।

**समाजः अभिभावक आफै पनि बालबालिकाहरुसँग बस्न नरुचाउने पनि गरेको देखिन्छ । विद्यालयले अभिभावक भेला राख्ने र अभिभावकहरूको पनि उपस्थिति कस्तो रहेको छ ?**

**खनालः** समान्यतया अभिभावक भेला परीक्षाको नतिजा आउने समयमा गरिन्छ । यो त्रैमासिक हुन्छ । विद्यार्थीको कमजोरी के छ भन्ने कुरा बताइन्छ । अभिभावक भेलामा पनि अभिभावकको उपस्थिति कम रहन्छ । यो पनि कमजोरी छ ।

**समाजः बिदा सकिएपछि विद्यार्थी विद्यालय आउने समयका लागि कस्तो तयारी हुनेछ ?**

**खनालः** विद्यार्थी विद्यालयमा उपस्थित भै सकेपछि नियमित पठनपाठनमा लाग्छौं । सुरुवाती दिनहरुमा उपस्थिति कम हुँदा केहि रचनात्मक कार्यतर्फ पनि जोड दिनेछौं । लामो विदापछि विद्यार्थी विद्यालय फर्कने समयमा त्यस्तो कुनै विशेष तयारी त हुँदैन ।

**समाजः विद्यालयमा प्रभावकारी शिक्षणका लागि भनेर योजना बनाउने, कार्यान्वयन गर्ने, समीक्षा गर्ने जस्ता अभ्यास भएको देखिँदैन । यस विषयमा के हुन्छ ?**

**खनालः** अपेक्षित रुपमा राम्रो नभए पनि अभ्यासहरु हुन्छन् । जस्तो वार्षिक क्यालेन्डर बनाएर कार्य गर्ने, शिक्षकहरुलाई लक्ष्य दिने, कार्यक्रमहरु गर्ने कार्य भइरहेको हुन्छ । आधुनिकमा पनि यो प्रवृत्ति छ । अझै त्यसमा विद्यार्थीहरुको रचनात्मक कलाहरुको विकास गर्न सकिराखेका छैनन् । त्यसका लागि पनि आगामी योजना बनाउन सके राम्रो हुनेछ ।

**समाजः पहिलेको समयका विद्यार्थी र अहिलेको समयका विद्यार्थीहरूको चरित्र, व्यवहारमा के फरक देख्नुहुन्छ ?**

**खनालः** तुलनात्मक रुपमा अहिले जस्तो मनोरञ्जनका साधनहरु पहिले थिएनन् । अहिले किताबहरु पढ्ने, शारीरिक परिश्रम गर्ने जस्ता अभ्यास भएका छैनन् । शिक्षण प्रक्रियाले पनि आकर्षण गर्न सकिराखेको छैन । पहिलेको समयमा पढाईको महत्व पनि धेरै थियो । अहिले परिवेश बदलिएको छ । यस अनुसार पाठ्यक्रम पनि बदलिनु पर्छ । यससँगै अलिकति अभिभावकको गाइडेन्सको पनि आवश्यकता पर्छ । बालबालिकाहरुलाई अभिभावकहरुले पनि समय दिन सक्नुभयो भने राम्रो हुन्छ । अभिभावकले आफ्नो बच्चाको बारेमा शिक्षकहरुसँग बुझ्दै गर्नु पर्छ ।

# काठमाडौं-तराई/मधेश द्रुतमार्गको काम ३६ प्रतिशत सकियो

काठमाडौंः काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको ३६.४२ प्रतिशत भौतिक काम सकिएको छ । रक्षा मन्त्रालयका प्रवक्ता सहसचिव मनोजकुमार आचार्यका अनुसार द्रुतमार्गको कामलाई समयमै सम्पन्न गर्न विभिन्न प्याकेजमा छुट्टाछुट्टै हिसाबले काम भइरहेको छ । त्यसअन्तर्गत प्याकेज २ मा पर्ने धेद्रे सुरुङ मार्ग २१ साउनमा ब्रेक थ्रु भएको छ ।

सैनिक अधिकृतहरुका अनुसार, द्रुतमार्गका जटिलमध्येका कामहरु अहिले भइरहेको छ । द्रुतमार्गको सुरु बिन्दु निर्धारण तथा सवारी आवागमनबारे इञ्जिनियरिङ अध्ययन संस्थान र पुल्चोक क्याम्पस अन्तर्गत रिसर्च एण्ड ट्रेनिङ युनिटबाट पनि सम्भाव्यता अध्ययन गरिएको रक्षा मन्त्रालयका प्रवक्ता आचार्यले बताए । फास्ट ट्र्याक आयोजना अन्तर्गत रहेका ८९ पुलहरुमध्ये ८५ स्थानका पुलहरु निर्माणका लागि सम्झौता भएको छ भने मकवानपुरको राजदमार इलाकामा ५ वटा पुलहरुको निर्माण कार्य सकिएको छ ।

द्रुतमार्गमा हालसम्म ३१ हजार ९५० रुखहरु काटिएका छन् र काटिएका रुखहरुको बदलामा हालसम्म ७ लाख ५ हजार ५५२ नयाँ विरुवा रोपिएका छन् । प्रस्थान बिन्दु खोकना र अन्तिम बिन्दु निजगढ रहेको यस काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको कुल लम्बाइ ७०.९७७ किलोमिटर रहेको छ । काठमाडौं निजगढ द्रुतमार्ग मुलुकको उच्च प्राथमिकतामा परेको राष्ट्रिय गौरवको आयोजना हो । सरकारले २१ वैशाख २०७४ मा फास्ट ट्र्याक निर्माण व्यवस्थापनको जिम्मा नेपाली सेनालाई दिएको थियो । त्यसबेला ३० साउन २०८० भित्र निर्माण सम्पन्न गर्ने गरी सेनालाई जिम्मा दिइएपनि अहिले यो अवधि बढाएर २०८३ को चैत मसान्तसम्म सारिएको छ ।

*स्रोतः अनलाइनखबर ।*

# बजेट विनियोजन र योजना छनौटलाई प्रभावकारी बनाउँछौं: मुख्यमन्त्री लामा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्मयन्त्री बहादुर सिंह लामाले बजेट विनियोजन र योजना छनौटलाई प्रभावकारी बनाउने बताउनुभएको छ । उहाँले आयोजना बैंक स्थापना र प्रभावकारी कार्यान्वयन गरेर बजेट विनियोजनको तयारी भइरहेको जानकारी दिनुभयो ।

बुधबार मुख्यमन्त्री लामाले प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष गंगादत्त नेपालसँग कार्यसम्पादन करार सम्झौता गर्दै आयोजना बैंक स्थापना तथा संचालनलाई प्रभावकारी बनाउन निर्देशन समेत दिनुभएको छ । उहाँले प्रदेश सरकारलाई नागरिकसम्म जोड्ने र फलदायी योजनाहरु छनौट तथा कार्यक्रम कार्यान्वयनमा सघाउन आयोगले भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

मुख्यमन्त्री लामाले वार्षिक स्वीकृत कार्यक्रमका अलावा प्रदेश सरकारलाई आवश्यक तथ्यांक संकलन तथा सुझावहरु उपलब्ध गराएर नीति आयोगले प्रदेशको विकासमा महत्वपूर्ण भुमिका निर्वाह गर्नुपर्ने बताउनुभयो । नयाँ र फरक ढंगका उत्पादन र रोजगारीमा केन्द्रीत हुने गरी आयोगले योजना निर्माण तथा बजेट विनियोजनमा सघाउन उहाँले आग्रह गर्नुभएको छ ।

“नीति आयोगले मुख्यतः आयोजना बैंकको भूमिकालाई प्रभावकारी कार्यान्वयन जोड दिनुपर्छ । योजना छनौट र बजेट विनियोजन परामपरागत र हचुवा नभई विधि र पद्दतीबाट अघि बढाउनुपर्छ । सरकार सिस्टम बनाउन सक्रिय छ । प्रदेश सरकारले तयार पारेको सिस्टम अनुसार नीति आयोगले नियमित काम गर्ने र नयाँ ढंगका प्रभावकारी योजना निर्माणमा अग्रसर हुनेछ”, उहाँले भन्नुभयो ।

# महिनावारीको...

**१. महिनावारीका सामग्रीको पहुँच**ः महिनावारका समयमा आवश्यक स्वच्छता सामग्रीको पहुँचमा कठिनाइ हुने गर्छ । धेरै महिलाहरु महिनावारीका समयमा स्वच्छता सामग्रीको कमीका कारण स्वास्थ्य समस्यामा पर्दछन् । यो “पिरियड पूरटी“ भन्ने समस्यामा परिणत गर्न सक्छ ।

**२. शिक्षामा अवरोध**ः महिनावारीका कारण केटीहरु विद्यालय जान छोड्नुपर्छ । स्वच्छता सामग्रीको अभाव वा अपमानको डरले विद्यालयमा उनीहरुको उपस्थिति घट्छ, जसले भविष्यका अवसरहरुमा ठूलो असर पार्न सक्छ ।

**३. मानसिक स्वास्थ्यमा असर**ः महिनावारीको कलंकले महिलाहरुमा चिन्ता र डिप्रेसनको समस्या सिर्जना गर्न सक्छ । यसले उनीहरुको व्यक्तिगत र पेशागत जीवनमा असर पार्न सक्छ ।

**४. स्वास्थ्य जोखिमको वृद्धि**ः महिनावारीका बारेमा खुला कुरा नगर्दा महिलाहरू स्वच्छता र स्वास्थ्यको ज्ञानमा कमीको शिकार हुन्छन् । यसले संक्रमण र अन्य स्वास्थ्य समस्याहरुको जोखिम बढाउँछ ।

**नेपालको संविधान र महिनावारी**

नेपालको संविधान, २०७२ ले महिलाको अधिकारलाई विशेष महत्व दिएको छ । यसमा समावेश धाराहरुले महिलाहरुका लागि निम्नलिखित अधिकार हरुको सुनिश्चितता गर्दछ :

**१. समानता**ः संविधानको धारा १८ ले सबैलाई समानता र भेदभावविरुद्धको अधिकार सुनिश्चित गर्दछ । यसले महिलाहरुलाई महिनावारीको समयमा पनि समान व्यवहारको अधिकार दिन्छ ।

**२. स्वास्थ्यको अधिकार**ः धारा ३६ ले स्वास्थ्यको अधिकार सुनिश्चित गर्दछ, जसमा प्रजनन स्वास्थ्य र महिनावारी स्वास्थ्य पनि समावेश छ । यसले महिलाहरुलाई स्वस्थ जीवन यापन गर्न र महिनावारीका क्रममा आवश्यक सेवामा पहुँच दिन महत्त्वपूर्ण भूमिका खेल्छ ।

**३. शिक्षाको अधिकार**ः धारा ३१ अनुसार, शिक्षाको अधिकारले सबैलाई शिक्षामा पहुँच सुनिश्चित गर्नुपर्छ । यसले महिनावारीका कारण विद्यालय छोड्न नपाउने वातावरण सिर्जना गर्न महत्वपूर्ण छ ।

**४. महिला सशक्तीकरण**ः संविधानमा महिला सशक्तीकरणको लागि विशेष प्रवधानहरु छन्, जसले महिलाहरुलाई आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा सशक्त बनाउन सहयोग गर्छ ।

**निष्कर्ष**

महिनावारीको कलंक र भ्रान्तिहरु समाजमा गहिरो रुपमा जरा गाडिएका छन् । नेपालमा महिलाहरुको स्वास्थ्य, शिक्षा र समग्र विकासमा यी समस्याहरुले ठूलो असर पुऱ्याउँछन् । संविधानले महिलाका अधिकार र स्वास्थ्यको सुनिश्चितता गर्न महत्वपूर्ण व्यवस्था गरे पनि, यसलाई कार्यान्वयन गर्नका लागि थप प्रयास र समाजको सहयोग आवश्यक छ ।

समाजमा महिनावारीको बारेमा खुला चर्चा र शिक्षाको माध्यमबाट जनचेतना वृद्धि गर्नु आवश्यक छ । महिलाहरुको स्वास्थ्य र सम्मानको रक्षा गर्नका लागि हामी सबैलाई मिलेर काम गर्नुपर्दछ । यस विषयमा सकारात्मक परिवर्तन ल्याउनका लागि सरकारी, गैरसरकारी र सामुदायिक स्तरमा सक्रिय पहल आवश्यक छ ।

महिलाहरुको अधिकार र स्वास्थ्यलाई सुनिश्चित गर्नका लागि हाम्रो समाजमा सहिष्णुता, समझदारी र सहयोगको भावना विकास गर्नुपर्छ । यही नै समाजको सशक्तिकरण र समृद्धिको आधार हुनेछ ।




दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.को

**२६औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस बहुउद्देश्यीय सहकारी संस्था लि.को २६ औं साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गइरहेको ब्यहोरा सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रद्वारा जानकारी गराइसकिएको छ । यदि पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर साधारणसभामा अनिवार्य उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम** :
मितिः २०८१/०७/१० गते शनिबार
समयः ११:०० बजे
स्थानः हेटौंडा-२, पल्पसा प्याराडाइज होम

**छलफलका विषयहरू** :
१. अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
२. वार्षिक प्रगति तथा नीति कार्यक्रमसहितको सचिबज्युको प्रतिवेदन सम्बन्धमा ।
३. कोषाध्यक्षज्यूबाट आ.ब.२०८०/२०८१ को प्रतिवेदन एवम् भावी नीति तथा कार्यक्रम सम्बन्धमा ।
४. आ.व. ०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. आन्तरिक लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
६. आ.व. २०८१/०८२ का लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. संचालक समिति एवम् लेखा समितिको पदपूर्ति सम्बन्धमा ।
८. शेयर लाभांश एवं संरक्षित पुंजीकोष फिर्ता वितरण सम्बन्धमा ।
९. संस्थाको आवश्यकता अनुसार घर/घडेरी खरिद एवम् बिक्री सम्बन्धमा ।
१०. २०८०/०८१ को शेयर लाभांश बाँडफाँड सम्बन्धमा ।
११. बिविध ।

**नोट** : २०८० सालको एसइइ (SEE) मा उत्कृष्ट अंक ल्याउने सदस्यका छोराछोरीहरुलाई पुरस्कृत गरिने हुँदा मिति २०८१/०६/३० गते भित्र संस्थामा आफ्नो प्रमाणपत्रहरु पेश गर्न हुन जानकारी गराइन्छ । साथै साधारणसभामा सदस्य स्वयम् उपस्थित भएमा यातायात खर्च बापत संस्थाबाट उत्पादित शुद्ध तोरीको तेल प्रतिसदस्य २ लिटर प्रदान गरिनेछ ।

**ईश्वर पण्डित**
**सचिव**
**दिव्यतारा बहुउद्धेश्यीय सहकारी संस्था लि**
**हेटौंडा-२, मकवानपुर**

## जंगल छाडेर उद्यमशिलता तर्फवनकरिया

# साबुन उत्पादन गर्दै महिला

समाज संवाददाता

हेटौंडाः धेरै अघिको कुरा होइन, १० वर्ष मात्र अघिसम्म वनकरिया समुदाय कस्तो होला भन्ने कौतुहलता आम मानिससँग थियो । वनकरिया समुदायका मानिस, उनीहरुको दिनचर्या, रहनसहनका विषयमा मै हुँ भन्ने प्रशासक र व्यक्तिहरु पनि जिज्ञासु हुन्थे । वनकरिया समुदायको बारेमा जान्न त्यति सहज पनि थिएन । जति अहिले भएको छ । त्यस समयमा धेरैले व्याख्या पनि गर्नेगर्थे वनकरिया र चेपाङ समुदाय उस्तै हुन् । तर, यि दुई समुदायका विषयमा व्यापक भिन्नता छ। केही विषयहरुमा समानता देखिएपनि परम्परा, रितिरिवाज र दैनिकीमा फरकपन रहेको छ ।

तीन दशकअघि मात्र वनकरिया समुदाय जंगलबाट गाउँ आएका हुन् । जंगलबाट मकवानपुरको मनहरी गाउँपालिका-४ मुसेधापमा बस्दै आएका छन् वनकरिया समुदाय । त्यसअघि जंगलमा नै बस्ने गरेका वनकरिया समुदायले अहिले गाउँ बसाएका छन् । जंगलमा फिरन्ते जीवन बिताइरहेका लोपोन्मुख वनकरिया समुदायको सहज जीवनयापनका लागि गाउँमा स्थानान्तरण गरेको थियो । जीवनलाई सहज बनाउन सरकारले २०६२ मा मुसेधापस्थित कबुलियती वनमा उनीहरुलाई बस्ने स्थान उपलब्ध गराएको थियो । अहिले बसोबास गरेकै स्थानको जग्गाको लालपुर्जा उपलब्ध गराइदिन सरकारले तयारी पनि गरेको थियो । तर, विविध कारणले त्यो पुरा हुन सकेन । सरकारको आश्वासन पाएकाले उनीहरु अझैपनि सो क्षेत्रको जग्गाको लालपुर्जा माग गर्दै आएका छन् ।

मकवानपुरको मनहरी गाउँपालिका-४ मुसेधापमा बसोबास गर्दै आएका लोपोन्मुख वनकरियाको आफ्नो नाममा जमिन नभएको वडा अध्यक्ष प्रकाश थापाले जानकारी दिनुभयो । उनीहरु पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा बसोबास गर्दै आएका छन् । "उनीहरु धर्तीपुत्र हुन् । तर उनीहरुकै नाममा एकधुर जमिन छैन । धर्तीपुत्र भएर पनि सुकुम्वासी बन्न परेको छ । उनीहरु अहिले बसोबास गरिरहेको क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जभित्र पर्छ", वडाध्यक्ष थापाले भन्नुभयो, "हामी अहिले जहाँ बसेका छौं, त्यही थातथलोको जग्गा जमिन हाम्रो नाममा गरिदिने व्यवस्था मिलाईदिए हुन्थ्यो भन्ने उनीहरुको अपेक्षा रहेको छ ।"

मुसेधापमा अहिले २२ घरपरिवारमा ९३ जना वनकरिया परिवार बसोबास गर्दै आएका छन् । सरकारले २०६६ सालदेखि लोपोन्मुख १० वटा जातिलाई मुलुकको मूलधारमा ल्याउने उद्देश्यले वनकरिया समुदायलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ ।

लोपोन्मुख फिरन्ते जीवन बिताउँदै आएका वनकरिया समुदाय अहिले उद्यमशीलतातर्फ अग्रसर भएका छन् । वनकरिया समुदायका महिलाले अहिले साबुन उत्पादन गर्दै उद्यमी बन्न अग्रसर भएका छन् । साढे दुई दशकअघिसम्म जंगलमा फिरन्ते जीवन बिताएका वनकरिया महिलाले सावुन उद्योग खोलेर आयआर्जनमा जोडिएका छन् । जसबाट पछाडी परेको समुदाय र वर्ग मुलधारमा आउने प्रयत्न भइरहेको छ । स्थानीयस्तरमा खेर गइरहेको जडीबुट्टीबाट साबुन उत्पादन गरेर आम्दानीमा जोडिएका छन् वनकरिया समुदाय । उनीहरुले विगत १० महिनादेखि गाउँमै भाडा माझ्ने, लुगा धुने र नुहाउने साबुन उत्पादन गरिरहेका छन् ।

उनीहरुले घिउकुमारी, तितेपाती र निमका पातबाट गत मंसिर महिनादेखि साबुन उत्पादन गर्दै आएका हुन् । उनीहरुले घरेलु उद्योगका रुपमा दर्ता गरेर साबुन उत्पादन गरेर बिक्री गरिरहेका छन् । समुदायका २५ जना मिलेर वनकरिया चेपाङ महिला साबुन उद्योगको नाममा उद्योग पनि दर्ता गरेका हुन् । राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले उनीहरुलाई साबुन बनाउने तालिम दिएपछि आयआर्जनमा जोडिने अवसर प्राप्त भएको सन्तोषी वनकरियाले बताउनुभयो । साबुन उत्पादन गर्नका लागि आवश्यक औजारसमेत मञ्चले उपलब्ध गराएको थियो भने उनीहरुले उत्पादन गरेका साबुन गाउँमै खपत हुने गरेको समुदायकी अगुवा महिला सन्तोषीले जानकारी दिनुभयो ।

तालिम दिएको संस्थाले फर्मा र साबुन बनाउन आवश्यक सामग्रीसहित २ लाख रुपैयाँ उपलब्ध गराएको थियो । उनीहरुले साबुन बनाउन बुटवलबाट फर्मा ल्याएका थिए । "साबुनका लागि निमको बोट आफ्नै बारीमा रोपेका छौं । घ्यूकुमारी पनि बारीमै छ । तितेपातीको खासै दुःख छैन, जताततै पाइन्छ", सन्तोषीले भन्नुयो, "साबुन बनाउन मिहिनेत पर्छ, तितेपाती टिप्न जानुपर्‍यो, केलाउनुपर्‍यो पकाउनुपर्‍यो", सन्तोषीले भन्नुभयो । उत्पादित साबुनले घाउ खटिरा, चिलाउने समस्या भएका र छालाका रोगीलाई राम्रो हुने सन्तोषीको भनाई छ ।

घिउकुमारी, निमको पात र तितेपातेको पेस्ट बनाएर, झन्डै एक घण्टा पकाएपछि त्यसलाई साबुन बनाउने फर्मामा हालिन्छ । मञ्चले समूहका लागि साबुन निर्माणाका लागि ५ वटा फर्मा दिएको छ । जसमा कुनैमा एक पटकमा ६ वटा साबुन बनाउन मिल्छ भने कुनैमा एकै पटक २४ वटासम्म साबुन बनाउन सकिन्छ । उत्पादित साबुन २० देखि ६० रुपैयाँसम्ममा बिक्री हुने गरेको सन्तोषीले बताउनुभयो । साबुन विभिन्न संघ संस्था र होटल व्यवसायमा प्रयोग गर्नेगरी बिक्री भइरहेको छ भने स्थानीयस्तरमा पनि साबुन विक्री भइरहेको छ ।

"सानो, मध्यम र ठूलो साबुन प्रतिगोटा २० देखि ६० रुपैयाँसम्ममा बेच्छौं । तालिम दिने संस्थाले समेत खरिद गरिदिने गरेको छ । अहिले बिक्रीको समस्या छैन", सन्तोषीले भन्नुभयो, "पालिकाका विभिन्न कार्यालय र गाउँमा यही साबुन खरिद गरेका छन्, बस्तीका २२ घरपरिवारले यही मात्र साबुन प्रयोग गर्छन् ।"

## शनिबार शिक्षण अनुमतिपत्रको परीक्षा

# हेटौंडामा ५ हजार परीक्षार्थी सहभागी हुनु

समाज संवाददाता

हेटौँडाः शिक्षक सेवा आयोगले आगामी शनिबार माध्यमिक तहको शिक्षण अनुमतिपत्रका लागि परीक्षा लिँदैछ । आयोगले बागमती प्रदेशमा मकवानपुर र ललितपुर जिल्लामा परीक्षा लिँदैछ । मकवानपुर जिल्लाको हेटौंडामा हुने परीक्षामा सहभागी हुने परीक्षार्थीको संख्या ५ हजार रहेको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ ।

ललितपुरमा ५ हजार १ सय २५ जना परीक्षार्थी रहेका छन् । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले हेटौँडाका विभिन्न ९ वटा शैक्षिक संस्थामा परीक्षा सञ्चालन गर्दैछ । शिक्षण अनुमतिपत्रको परीक्षामा १ घण्टाको वस्तुगत प्रश्न सोधिने शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरकी अधिकृत उन्नति ढकालले जानकारी दिनुभयो । शनिबार दिउँसो १ बजेदेखि हुने परीक्षाको नतीजा एक महिनाभित्र आयोगले प्रकाशन गर्नेछ । शिक्षण अनुमतिपत्र प्राप्त गरेका उम्मेदवारले मात्रै आयोगले लिने सम्बन्धित तहको परीक्षामा सहभागी हुन पाउनेछन् ।

परीक्षामा केही संख्यामा अपाङ्गता भएका परीक्षार्थी पनि रहने बताइएको छ । अपाङ्गता भएका परीक्षार्थीले सहयोगी राखेर परीक्षा दिने व्यवस्था आयोगले मिलाएको छ ।

## चितवनमा सवारी दुर्घटना

# मकवानपुरगढीका स्याङ्तानको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको रत्ननगर नगरपालिका-९, टिकौली जंगलमा ३ वटा गाडी एक आपसमा ठोक्किएर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मंगलबार टाँडीबाट नारायणगढतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००२ ख १४३९ नम्बरको ट्रक र नारायणगढबाट टाँडीतर्फ जाँदै गरेको ना ८ ख ८६७४ नम्बरको ट्याङकर एक आपसमा ठोक्किएर दुर्घटना भएको थियो ।

ट्याङ्करको पछाडि ना ६ ख ४६२४ नम्बरको ट्रक ठोक्किएर दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । दुर्घटनामा मधेश प्रदेश ०३-००२ ख १४३९ नम्बरको ट्रक चालक मकवानपुरगढी गाउँपालिका-२ का २६ वर्षीय अनिश स्याङ्तान, सह-चालक हेटौँडा-२ का २३ वर्षीय आशिष स्याङ्तान र ना ८ ख ८६७४ नम्बरको ट्याङकर चालक हेटौँडा-१९ नेवारपानीका ३६ वर्षीय सुदिप तामाङ घाइते भएका थिए ।

घाइते तीनै जनालाई उपचारका लागि चितवन मेडिकल कलेज लगिएकोमा ट्रक चालक अनिश स्याङ्तानको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । अर्का ट्रक चालक धादिङ जिल्लाको गजुरी गाउँपालिका-२ का ३७ वर्षीय दिपक रोक्कालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय रत्ननगर टाँडी लगिएको प्रहरीले जानकारी दिएको छ ।

## विश्वज्योतिलाई शैक्षिक सामग्री सहयोग

समाज संवाददाता

हेटौंडाः जेसीआई हेटौंडाले हेटौंडा-१५, चिप्लेटीस्थित विश्वज्योति आधारभूत विद्यालयलाई शैक्षिक सामग्री सहयोग गरेको छ । बुधबार जेसीआई हेटौंडा वर्ष २०२४ का अध्यक्षसहितको टोली विद्यालय पुगेर शैक्षिक सामग्री सहयोग गरेको हो । जेसीज सप्ताह २०२४ अन्तर्गत विद्यार्थीलाई आवश्यक कापी, कलम, किताब, खेलकुदको सामाग्रीहरुको सहयोग जेसीआई हेटौंडाका कार्यकारी उपाध्यक्ष तथा सप्ताहव्यापी कार्यक्रमका मूल संयोजक विवेक आनन्द न्यौपानेले जानकारी दिनुभएको छ ।

८ कक्षासम्म पठनपाठन हुने विद्यालयका ५० जना विद्यार्थीलाई करिब ६० हजार रुपैयाँ बराबरको सामग्री हस्तान्तरण गरिएको संयोजक विवेक आनन्द न्यौपानेले जानकारी दिनुभयो । जेसीआई हेटौंडाले सन् २०१५ देखि विश्वज्योति आधारभूत विद्यालयलाई शैक्षिक सामग्रीहरु सहयोग गर्दै आएको उहाँले बताउनुभयो । जेसीआईले विद्यार्थीको आवश्यकतालाई मध्यनजर गरेर १ वर्षका लागि पुग्नेगरी शैक्षिक सामग्री प्रदान गर्ने गरेको जनाएको छ । जेसीआई हेटौंडाका अध्यक्ष विकेशलाल श्रेष्ठको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा शैक्षिक सामग्री वितरण कार्यक्रम भएको हो । कार्यक्रममा हेटौंडा-८ का वडाध्यक्ष रामकृष्ण थापा र ९ का वडाध्यक्ष सुकराम केसी, जेसीआई हेटौंडाका पूर्वअध्यक्षहरुको पनि सहभागिता रहेको थियो ।

जेसीआई हेटौंडाले सन् २०१९ मा विद्यालयमा शिक्षाको व्यवस्था गरिएको र सन् २०२० मा विद्यालयमा विद्यालयका लागि पानीको व्यवस्था गरिएको उहाँले बताउनुभयो । सप्ताहव्यापी कार्यक्रम अन्तर्गत बिहिबार बिहान हेटौंडा-४, हुप्रचौरमा रक्तदान कार्यक्रम, स्लो मोटरसाइकल प्रतियोगिता र साँझ ४ बजे हेटौंडा-९, लामसुरेस्थित सियान पुनःस्थापना केन्द्रमा महिलाहरुका लागि लागूऔषध सम्बन्धी सचेतनामूलक कार्यक्रमको आयोजना गरिने उहाँले बताउनुभयो । यस्तै शुक्रबार जेसीज सप्ताहको समापन कार्यक्रम तथा पुरस्कार वितरण समारोह हुनेछ ।


## नव युवा बचत तथा ऋण सहकारी संस्था लि.

हेटौंडा-११

**कर्मचारी आवश्यकता**

यस संस्थाको पदपुर्ती समितिको मिति २०८१/०७/०६ गते बसेको बैठकको निर्णयानुसार यस संस्थालाई तपशिल अनुसारको कर्मचारीको आवश्यकता भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले २४ दिन अर्थात २०८१ कार्तिक ३० गते भित्र तोकिएका कागजात सहित दरखास्त आव्हान गरिन्छ । म्याद नाघी आएका तथा आवश्यक रित एवम् प्रक्रिया नपुगेका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिल :**

**विज्ञापन नं. : ०१-२०८१/०८२**

पद : प्रमुख कार्यकारी अधिकृत (करार)
आवश्यक संस्थ्या : १ (एक) जना
सेवा सुविधा : संस्थाको निर्णय अनुसार
योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन संकायमा स्नातक उत्तीर्ण गरेको
अनुभव : वित्तीय क्षेत्रमा कम्तिमा ३ वर्षको अनुभव भएको र वित्तीय विश्लेषण गर्न सक्ने
कम्प्यूटर : EXCEL र WORD मा दक्षता भएको
अन्य सीप : अंग्रेजी भाषा लेख्न, बोल्न सक्ने र मोटरसाईकल चालक अनुमतिपत्र प्राप्त गरेको ।
आवेदन : हस्तलिखित निवेदन पेश गर्नु पर्ने
उमेर : १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको
छनौट किसिम : लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता
निवेदन दस्तुर : रु. ५००/- (पाँच सय)
प्रथम पटक विज्ञापन प्रकाशित मिति : २०८१/०७/७ गते
दरखास्त बुझाउने अन्तिम मिति : २०८१/०७/३० गते बेलुकी ५:०० बजेसम्म (उक्त दिन विदा परेमा सो को भोलिपल्ट दरखास्त बुझाउन सकिनेछ ।
सम्पर्क मिति : सर्टलिस्टमा छानिएका उम्मेदवारहरुलाई फोन गरेर बोलाईने छ ।
आवश्यक कागजात : शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रतिलिपि, तालिम अनुभवका प्रमाणपत्रका प्रमाणित प्रतिलिपि र ब्यक्तिगत विवरण (CV) तथा हालसाल खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति
**नोट** : विज्ञापन सम्बन्धी सम्पूर्ण अधिकार संचालक समितिमा निहीत रहने छ ।

**संयोजक**
**पदपूर्ति समिति**


## कोरियन एम्बासडर तेक्वान्दो प्रतियोगिता

# मकवानपुरलाई २ स्वर्ण, ८ कास्य पदक



समाज संवाददाता

हेटौंडाः कोरियन एम्बासडर खुल्ला तेक्वान्दो प्रतियोगितामा मकवानपुर जिल्लाका सोहन गुरुङ र कविना राईले स्वर्ण पदक जित्न सफल भएका छन् । नेपाल तेक्वान्दो संघको आयोजनामा काठमाडौंको ललितपुरमा शुक्रबार सुरु भएर सोमबार सम्पन्न भएको प्रतियोगितामा मकवानपुरबाट सहभागी भएका १६ जना खेलाडी मध्ये पुम्से विधामा गुरुङ र राईले स्वर्ण पदक जित्दा बाँकी ८ जनाले खेलाडीहरुले कास्य पदक जित्न सफल भएका हुन् ।

प्रतियोगितामा मकवानपुरबाट सहभागी भएका आरम्भ माझी, पाउलसन दर्नाल र सुहान गुरुङले पुम्से विधामा कास्य पदक जितेका छन् । सुजिता माझी, असीम रन्जितकार, रोशनी कार्की, अमन माझी र श्रीजन कुँवरले कास्य पदक जितेको जिल्ला तेक्वान्दो संघका अध्यक्ष लालकाजी रत्न बज्राचार्यले जानकारी दिनुभएको छ । खेलाडीहरुको प्रतिनिधित्व गरेर टिमकोचको रुपमा बिमल विक जानुभएको थियो ।

प्रतियोगितामा ७ प्रदेशको करिब १ हजार २ सय जना खेलाडीहरुको सहभागिता रहेको थियो । नेपाल र कोरियाबीचको सम्बन्ध स्थापित भएको ५० औं वार्षिकोत्सवको अवसरमा तेक्वान्दो प्रतियोगिता आयोजना गरिएको हो ।


- पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।
- जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।
- ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर








## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ